नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## नीति, योजना तथा अनुगमन महाशाखा

रामशाहपथ, काठमाडौं

☎ ४२६२८६२
ppmd.mohp@gmail.com
ppmd@mohp.gov.np

प.स. २०८०/८१/२/नि.यो.अ.
च.नं. ९८४

मिति २०८१/०९/२९
ने.स.११४५

विषयः खरिद मार्गदर्शन, २०८१ लागू गर्ने सम्बन्धमा।

श्री स्वास्थ्य सेवा विभाग टेकु काठमाडौं।
श्री औषधि व्यवस्था विभाग बिजुलीबजार काठमाडौं।
श्री आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभाग टेकु काठमाडौं।
श्री स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु सबै।
श्री संघीय अस्पतालहरु सबै। ।

प्रस्तुत विषयको सम्वन्धमा यस मन्त्रालयको मिति २०८१/०९/२८ को माननीय मन्त्रिस्तरको निर्णयबाट यस मन्त्रालय र मातहतका निकायबाट हुने औषधि, औजार, उपकरणको खरिद तथा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन यसै साथ संलग्न खरिद मार्गदर्शन, २०८१ स्वीकृत भएको हुनाले कार्यान्वयनका लागि अनुरोध छ।

डा. पुष्पराज पौडेल
शाखा प्रमुख

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

# खरिद सुधार मार्गदर्शन, २०८१

*माननीय मन्त्रिस्तरको मिति २०८१/०९/२८ को निर्णयबाट स्वीकृत*

सार्वजानिक खरिद ऐन, २०६३, सार्वजानिक खरिद नियमावली २०६४, आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायी ऐन, २०७६ र सोको नियमावली, २०७७ लगायत हाल प्रचलित कानूनी व्यवस्था, सार्वजानिक आदेश, स्वीकृत निर्देशिका तथा कार्यविधी, समेतका आधारमा विभिन्न सञ्चार माध्याममा प्राप्त गुनासा तथा टिप्पणीमा उल्लेखित बिषयहरुलाई सम्बोधन गर्दै स्वास्थ्य मन्त्रालयबाट परिचालन हुने स्रोतसाधनको दक्ष, मितव्ययी र प्रभावकारी उपयोग मार्फत स्वास्थ्य सेवा प्रवाहलाई थप छिटो, छरितो र गुणस्तरीय बनाई मातहतका निकायबाट हुने खरिद कामकारवाही प्रतिस्पर्धालाई सङ्कुचन नहुने गरी, मूल्य सार्थकता (Value for money) कायम हुने गरी विनियोजित बजेटबाट उच्च गुणस्तरको औषधि, औजार उपकरण र अन्य मालसामान खरिदबाट प्राप्त गर्ने समग्र व्यवस्थापनलाई थप प्रभावकारी बनाउन देहाय बमोजिम गर्नु गराउनुहुन।

## क) कार्यक्रमको तयारी र बजेट विनियोजनः

१. हरेक आर्थिक वर्षका लागि कार्यालयमा औजार उपकरण खरिद गर्दा: गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न रहेका मापदण्ड तथा अन्य राष्ट्रिय कार्यक्रमले माग गर्ने औजार उपकरण मात्र र स्वास्थ्य संस्थाहरुमा गरिने न्युनतम सेवा मापदण्डबाट औंल्याईएका अपरिपूर्त आवश्यकतालाई प्राथमिकतामा राखी औजार उपकरणहरुको सूची तयार गर्नुपर्नेछ।

२. मन्त्रालय तथा मातहतका निकायहरुले आवश्यक औषधी, स्वास्थ्य औजार उपकरण खरिद गर्नुपर्ने अस्पताल तथा प्रतिष्ठानले आवश्यकताको पहिचान विश्लेषण र प्रथामिकिकरण गरी स्वास्थ्य औजार उपकरण र औषधी तथा उपचारमा प्रयोग हुने अन्य मालसामानको वार्षिक आवश्यक परिमाण र लागत समेत खुल्ने गरी पाँच वर्षे दीर्घकालीन योजना मन्त्रालयबाट स्वीकृत गराई राख्ने। यसै बमोजिम मन्त्रालयले एकीकृत योजना तयार गरी गराई राख्नु पर्ने। उक्त योजना वार्षिकरुपमा अद्यावधिक गर्नुपर्नेछ।

३. बुँदा नम्बर २ बमोजिमको स्वीकृत योजना बमोजिम सम्बन्धित कार्यालय र मन्त्रालयले कार्यक्रम तथा बजेटको निर्माण गर्नुपर्नेछ।

४. हाल तीनतहका सरकारका कार्यालयहरुबाट स्वास्थ्य सेवाको प्रवाह भईरहेको सन्दर्भमा प्रभावकारी समन्वयको व्यवस्था मिलाई दोहोरो नपर्ने गरी बजेट विनियोजन हुने व्यवस्था मिलाउनु पर्नेछ।

५. औजार उपकरण राख्ने स्थान र जनशक्तिको सुनिश्चितता नभई उपकरण खरिदका लागि बजेटको विनियोजन गर्न पाईने छैन।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

ख खरिद इकाईको गठन र जिम्मेवारीः-

१. कानूनले तोके बमोजिम खरीद सम्बन्धी प्रशासनिक कार्य गर्नका लागि आवश्यकता अनुसार खरिद शाखा वा ईकाइ गठन गरि कर्मचारीहरुलाई **स्पष्ट जिम्मेवारी** दिने।

२. खरिद शाखा वा ईकाइमा काम गर्नका लागि जिम्मेवारी प्रदान गर्दा खरिद सम्बन्धी ज्ञान, सीप र अनुभव भएका तथा खरिद हुने मालसामानको विषयगत प्राविधिक ज्ञान भएका कर्मचारीहरु समेटिने गरी तोक्ने।

३. कर्मचारी उपलब्धताका आधारमा एकै कर्मचारीलाई दोहोरो जिम्मेवारी नहुने गरी तोक्ने।

४. खरिद कार्यमा संलग्न हुने कर्मचारीहरुले सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोके बमोजिम आचरण पालना गरे/ नगरेको कुरा सुनिश्चित गर्ने।

५. **आचरणको उल्लङ्घन** गर्ने कर्मचारीलाई तत्काल जिम्मेवारीबाट अलग गर्नुपर्नेछ।

ग खरिद तथा बोलपत्र सम्बन्धी कागजातको तयारीः-

१. आवश्यकताको पहिचान तथा प्राथमिकिकरण योजनाको सीमामा रही विगतको माग र खपतको विश्लेषण गरी वार्षिक खरिदको योजना स्वीकृत गराई सोही बमोजिम खरिदका कार्यसम्पादन गर्नु पर्नेछ।

२. मालसामानको आपूर्ति समयमै गराई सेवा प्रवाहमा बाधा नपर्ने गरी खरिद कार्य सम्पन्न गर्नुपर्नेछ ।

३. बजेट नभई वा बजेटको सुनिश्चितता नभई खरीदको कार्य गर्न पाईने छैन।

४. विगतमा राष्ट्रियस्तरको बोलपत्र आव्हान गर्दा एकमात्र बोलपत्रदाताले भाग लिने गरेको वा ऐकमात्र बोलपत्रदाता प्राविधिकरुपले छनौट हुने गरेको भए यस प्रकारको अवस्था आउन नदिनका लागि खरिद विधि परिवर्तन गरी प्रतिस्पर्धी हुनेगरी बोलपत्र आव्हान गर्ने।

५. अधिकतम् प्रतिस्पर्धा हुने गरी Packaging and Slicing गरी बोलपत्र आह्वानको व्यवस्था गर्नुपर्नेछ।

६. खरिद गरिने मालसामानको विषयमा ज्ञान भएको आन्तरिक र आवश्यक परेको खण्डमा बाह्य निकायको जनशक्ती सम्मिलित भएको समुह बनाई स्पेशिफिकेशन तयार गर्नुपर्नेछ। यस्तो समुहले स्पेशिफिकेशन, बोलपत्र कागजातको तयार गर्दा प्रतिस्पर्धा हुने गरी तयार गर्नु पर्नेछ।

७. सार्वजनिक खरीद नियावलीमा उल्लेख भएका लागत अनुमान तयार गर्दा लिनुपर्ने सबै आधारहरु अवलम्बन गर्ने यदि कुनै आधार लिन नसकिने भएमा सोको कारण खोली राख्ने।

८. मितव्ययी ढङ्गले ठुला औजार उपकरणहरुको कम्तीमा ५ वर्ष सम्म मर्मत संभारको दायित्व सम्बन्धित आपूर्तिकर्ताले लिने गरी, औजार उपकरणको दीगो उपयोग र टिकाईराख्न व्यवस्था मिलाउने गरी खरिद तयारी गर्ने।

९. बोलपत्रको मूल्याङ्कन गर्दा खरिद गरिने माल सामान सम्बन्धी ज्ञान भएको आन्तरिक र आवश्यक परेको खण्डमा बाह्य निकायको जनशक्ती सम्मिलित भएको मूल्याङकन समिति बनाई मूल्याङकन गर्ने गराउने।

१०. खरिद योजनामा उल्लिखित कार्यतालिका बमोजिम बोलपत्रको मूल्याङकन सम्पन्न गरिसक्ने व्यवस्था गर्ने।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

११. खरिद सम्बन्धी काम गर्ने कर्मचारीहरुको क्षमता विकासका कार्यक्रमहरुलाई प्रथिमिकतामा राख्ने।

१२. खरिदको प्रकृयाको क्रममा उठेका विवादहरुको विश्लेषण गरी कानून बमोजिम यथोचित समाधान गर्ने व्यवस्था मिलाउने।

१३. देश बाहिरबाट आपूर्ति हुने मालसामान तथा मेशीनरी उपकरणको आवश्यकता अनुसार प्रिसिपमेन्ट इन्सपेक्सनको व्यवस्था मिलाई तोकिएको गुणस्तरको सुनिश्चितता गर्ने।

**घ आपूर्ति तथा वितरण :-**

१. स्वीकृत पाँच वर्षे योजना र वार्षिक योजनाको सीमा भित्र रही आपूर्ति/वितरण गर्ने व्यवस्था मिलाउने।

२. औषधि, भ्याक्सिन, रसायन तथा किट्स रिएजेन्टहरुको खरिद तथा आपूर्ति गर्दा लामो प्रयोग समयावधि रहेको सुनिश्चितता गरी खरिद तथा आपूर्ति र वितरण कार्यतालिका बनाउने।

३. काबु बाहिरको परिस्थिति बाहेक अन्य सामान्य अवस्थामा खरिद सम्झौताको शर्त बमोजिमको समायावधि भित्र माल सामान आपूर्ति नगर्ने आपूर्तिकर्तालाई कानून बमोजिम तत्काल कारवाही गर्ने।

४. हस्तान्तरण गर्ने गरी खरिद भएका वा अन्य प्रकृयाबाट प्राप्त भएका उपकरणहरु बढीमा दुई महिनाभित्र सञ्चालनमा ल्याउन सक्ने जनशक्ति तथा भौतिक पूर्वाधार भएका निकायहरुलाई मात्र उपकरण हस्तान्तरण गर्ने।

**ङ सामानको प्रयोग तथा सञ्चालन व्यवस्था:-**

१. अविच्छिन्न सेवा सञ्चालनका लागि खरिद भएका वा हस्तान्तरण भई प्राप्त भएका औजार उपकरणहरु प्रयोगमा ल्याउने दक्ष जनशक्तिको अभाव हुन नदिने गरी जनशक्तिको व्यवस्था मिलाउने।

२. उपकरण सञ्चालन गर्ने विशेषज्ञ वा जनशक्तिको कुनै कारणले सेवा अवधि समाप्त हुन लागेको भए त्यस्तो जनशक्तिको सेवा अवधि समाप्त हुने तीन महिना बाँकी रहँदाकै समयमा अर्को जनशक्ति प्राप्तिको लागि प्रकृया शुरु गर्ने वा अर्को जनशक्तिलाई ज्ञानसीप हस्तान्तरण हुने व्यवस्था मिलाउने।

३. हरेक कार्यालयले चालू अवस्थामा रहेका र आफ्नो कार्यालयमा विविध कारणवश सञ्चालनमा आउन नसक्ने भएमा आफूसँग रहेका औजार उपकरणहरु अर्को कार्यालयमा हस्तान्तरण गर्नको लागि मन्त्रालय वा विभागमा सामाग्रीहरुको सूचीसहित पत्राचार गर्ने।

४. स्वास्थ्य संस्थाले तालिम तथा अनुभव प्राप्त जनशक्तिलाई मात्र औजार उपकरण सञ्चालन गर्ने जिम्मेवारी प्रदान गर्ने।

५. आफ्नो कार्यालय मातहत रहेका औजार उपकरणहरुलाई लामो समयसम्म प्रयोग विहिन बनाउने र पूनः नयाँ खरिद गर्न उद्दत हुने परिपाटीलाई निरुत्साहित पार्न सम्बन्धित शाखा/विभागलाई जिम्मेवार बनाउने।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

च मर्मत संभार तथा लिलाम बिक्री :-

१. हरेक वर्षको पहिलो त्रैमासिक भित्र जिन्सी निरीक्षण सम्पन्न गरी कार्यालयमा रहेका औजार उपकरणहरुलाई नियमित रुपमा उचित मर्मत संभारको व्यवस्था मिलाउने।

२. मर्मत संभारको आन्तरिक स्रोत व्यवस्थापनका लागि अस्पतालमा रहेका औजार उपकरणहरु (एक्स रे, अल्ट्रासाउण्ड मेशिन, सिटी स्क्यान मेशिन, एम आर आई, प्रयोगशाला र शल्यक्रियामा प्रयोगमा हुने विशिष्टकृत औजार उपकरण लगायत) सञ्चालनमा ल्याउँदा त्यसबाट प्राप्त हुने शुल्कबाट उठेको रकमको १०% रकम सो उपकरणहरु मर्मत संभार गर्न छुट्याउनुपर्नेछ।

३. मर्मत संभार सम्बन्धी सेवा प्रदान गर्ने फर्म वा निकायलाई स्पष्ट शर्त तोकी जिम्मेवार बनाउने।

४. उपकरण पुरानो भई प्रयोगमा आउन नसक्ने वा मर्मत गर्दा बजार मूल्यको २५ प्रतिशत भन्दा बढी रकम खर्च लाग्ने भनि सम्बन्धित प्राविधिकको सिफारिश भएमा यस्ता औजार उपकरणहरु कानून बमोजिम लिलाम बिक्री गर्नु पर्नेछ।

५. लिलाम बिक्रीको प्रकृया शूरु वा सम्पन्न नगरी सोहि किसिमको नयाँ उपकरण खरीद गर्न पाइने छैन।

६. विकिरणीय हानिकारक र त्यस्तै प्रकृतिका औजार उपकरण तथा रसायनको आपूर्तिकर्ताबाट नै पूनः सकार्ने विधि (Buy back methods) बाट लिलामी तथा विसर्जन प्रकृया अँगाल्नुपर्नेछ।

छ सूचना प्रविधिको प्रयोग :-

१ मन्त्रालय मातहतका निकायहरु एवं स्वास्थ्यसँग सम्बन्धित सार्वजनिक निकायहरुको स्वामित्वमा रहेका उपकरणहरुको संख्या, उपकरणको सञ्चालन तथा भौतिक अवस्था, उपकरणबाट प्रवाह भएको सेवाको संख्या समेत खुल्ने विषयमा अनुगमन गर्ने प्रयोजनका लागि स्वास्थ्य सेवा विभागको नेतृत्वमा विद्युतीय प्रणालीमा आधारित सूचना प्रणाली सुदृढीकरण गरी आवश्यक कार्यान्वयन गर्ने।

ज प्रतिवेदन गर्नुपर्ने :-

१. प्रत्येक कार्यालयले आफ्नो स्वामित्वमा रहेका उपकरणहरुको संख्या, उपकरणको सञ्चालन तथा भौतिक अवस्था, उपकरणबाट प्रवाह भएको सेवाको संख्या समेत खुल्ने गरी प्रत्येक त्रैमासिक र वार्षिक विवरण सम्बन्धित विभागमा पठाउनुपर्ने छ। विभागले एकीकृत विवरण तयार गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

झ जवाफदेहिता र पारदर्शिताः

१. खरिद तथा वितरण गर्ने निकायले खरिद गरिएका औजार, उपकरण तथा औषधी तथा औषधीजन्य समाग्रीहरुको विवरण र हस्तान्तरण भई प्राप्त गरिएका औजार उपकरण तथा औषधी,

डा. रोशन पोखरेल (१८२४१५)
सचिव

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

औषधीजन्य समाग्रीहरुको विवरण मन्त्रालय र सम्बन्धित निकायको वेभसाईटमा राखी सार्वजनिक गर्नुपर्नेछ।

ञ अनुगमन तथा निरीक्षण:-

१. सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिमको व्यवस्था, नेपाल सरकारले समय समयमा निर्देशन गरेको विषयहरु र मन्त्रालयले निर्देशन गरेका बिषयहरु र यस मार्गदर्शनमा उल्लेख भएका विषयमा समय समयमा मन्त्रालयबाट अनुगमन तथा निरीक्षण हुनेछ।

२. विभागको हकमा मन्त्रालयले र अन्य निकायहरुको हकमा मन्त्रालय र सम्बन्धित विभागको संयुक्त समूहले अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

३. अनुगमन तथा निरीक्षण गर्दा प्रचलित कानून बिपरितको गरेको पाईएमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

ट विविध:-

यस मार्गदर्शनको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा भएमा मन्त्रालयद्वारा निर्णय भए बमोजिम हुनेछ।

डा. रोशन पोखरेल (१८२४१५)
सचिव